UNHCR
The UN Refugee Agency

# "इच्छाको घोषणा" फारमहरू

## "इच्छाको घोषणा" फारम के हो ?

"इच्छाको घोषणा" फारम दर्ता भएका शरणार्थीहरूले पुर्नबासका लागि आफ्नो इच्छा कसरी व्यक्त गर्नसक्छन् भन्ने बारे हो । यो फारम शिविरहरूमा रहेका सबैलाई पुर्नबास प्रक्रियामा समान पहुँच प्रोत्साहित गर्न तयार गरिएको हो । **यो निःशुल्क उपलब्ध छ ।**

## "इच्छाको घोषणा" फारम मैले कहाँ प्राप्त गर्नसक्छु ?

यी फारमहरू निम्न स्थानहरूमा उपलब्ध छन् :

- सबै शिविरहरूमा रहेका यूएनएचसीआर कार्यालय
- सबै शिविरहरूमा रहेका आरसीयू कार्यालय
- सबै शिविरहरूमा रहेका स्वास्थ्य केन्द्रहरू
- सबै शिविरहरूमा रहेका भुटानी शरणार्थी महिला मञ्च (बिआरडब्लुएफ)

**फारमहरू निःशुल्क उपलब्ध छन् ।**

दर्ता भएका शरणार्थीहरूले फारमको प्रति काठमाडौं र दमकस्थित यूएनएचसीआरका कार्यालयहरूबाट पनि प्राप्त गर्नसक्छन् ।

## मैल फारम कसरी भर्ने ? के त्यो नेपालीमा हुनेछ ?

यो निकै साधारण फारम हो । यसलाई अङग्रेजी वा नेपालीमा भर्न सकिन्छ । तपाईंले फारममा निम्न विवरणहरू भर्नुपर्ने हुन्छ :

- मिति
- शिविर/सेक्टर/छाप्रा नं.
- पुर्नबासका लागि इच्छुक घरपरिवारका सबै सदस्यहरूको नाम र हस्ताक्षर

## यदि म लेख्न नजानेमा, के कसैले मलाई फारम भर्न मद्दत गर्नेछ ?

कृपया तपाईंको शिविरमा रहेका यूएनएचसीआर वा क्यारिटास्का कर्मचारीहरूलाई सम्पर्क गर्नुहोला । तपाईंलाई फारम भर्न मद्दत गर्न उनीहरू खुशीसाथ तयार छन् ।

## मैले फारम कहाँ बुझाउने हो ?

फारम भरिसके पश्चात तपाईंले निम्न स्थानहरूमा रहेका खैरो रंगका यूएनएचसीआर सुझाव पेटीकाहरूमा खसाल्न सक्नुहुन्छ :

- सबै शिविरहरूमा रहेका यूएनएचसीआर कार्यालयमा प्रहरी चौकी नजिकै
- दमकस्थित यूएनएचसीआरको उप-कार्यालय
- काठमाडौंस्थित यूएनएचसीआरको कार्यालय

फारमहरूलाई तपाईंले तपाईंको शिविरमा रहेका यूएनएचसीआरका कर्मचारीलाई पनि बुझाउनसक्नुहुन्छ ।.

## फारमहरू भर्ने कुनै अन्तिम म्याद छ ?

छैन, तपाईंले चाहेको बेला फारम भर्नसक्नुहुन्छ ।.

## फारम भरेको कति दिनमा मलाई सम्पर्क गरिनेछ ?

"इच्छाको घोषणा" फारम बुझाउने सबैलाई अन्तर्वार्ताका लागि बोलाइनेछ । प्रक्रियामा धैर्यता राख्नुहोला ।

## फारमहरूलाई यूएनएचसीआरले के गर्नेछ ?

यूएनएचसीआरले यो फारम पुर्नबासका लागि तपाईंको चाहनाका रूपमा र तपाईं तथा तपाईंको परिवारसँग अन्तर्वार्ताका लागि समय मिलाउन प्रयोग गर्नेछ ।

## पुर्नबासका बारेमा निर्णय लिनुअघि मसँग थप प्रश्नहरू भएमा के गर्न सकिन्छ ?

यूएनएचसीआरका कर्मचारीहरू पुर्नबाससहित सबै स्थायी समाधानहरूका बारेमा तपाईंका प्रश्नहरूको उत्तर दिन तयार छन् । तपाईंले आफ्ना जिज्ञासाहरूका साथ शिविरमा रहेका यूएनएचसीआरका कार्यालयहरूमा वा यूएनएचसीआरको कुनै कर्मचारीलाई सम्पर्क गर्नसक्नुहुन्छ।

प्रश्नहरूको उत्तर दिन काठमाडौंस्थित यूएनएचसीआरका कर्मचारीहरू पनि उपलब्ध छन् ।